नेकपा (एमाले) ले देश र जनताको पक्षमा गरेका महत्वपूर्ण कार्यहरू

१. २०४७ सालयताका संविधान

— २०४६ को जनआन्दोलनपश्चात् राजनीतिक दल र राजाबीचको सम्झौताका आधारमा बनेको र २०४७ कात्तिक २३ देखि २०६३ पुस मसान्तसम्म कायम रहेको संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रमा आधारित नेपाल अधिराज्यको संविधान ।

— २०६२/६३ को ऐतिहासिक जनआन्दोलनका उपलब्धिहरू संविधान सभामार्फत् संस्थागत हुनुपूर्व २०६३ माघ १ देखि २०७२ असोज २ सम्म कायम रहेको नेपालको अन्तरिम संविधान ।

— संविधान सभाबाट पारित भएको र २०७२ असोज ३ देखि लागू भएको संघीय लोकतान्त्रिक गणतन्त्रमा आधारित नेपालको संविधान ।

— नेपालको संविधान (२०७२ असोज ३)ले नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न तुल्याएको छ । जनताका प्रतिनिधिहरूले आवश्यकताअनुरूप संविधान संशोधन गर्न र त्यसका लागि अर्को कुनै आन्दोलन वा क्रान्ति गर्नु नपर्ने सुनिश्चित गरेको छ ।

२. सरकारमा नेकपा (एमाले)को नेतृत्व र सहभागिता

— नेकपा (एमाले) नेतृत्वको अल्पमतको सरकार- लगभग ९ महिना ।

— नेकपा नेतृत्वको बहुमतको सरकार- लगभग ३ बर्ष ।

— नेकपा (एमाले)को नेतृत्वमा अरू दल सहभागी सरकार- लगभग ३ बर्ष ६ महिना ।

— अरू दलको नेतृत्वमा नेकपा (एमाले) सहभागी सरकार- लगभग ५ बर्ष ।

नेकपा (एमाले)ले आफूले नेतृत्व गरेको र आफू सहभागी भएको सरकारको कामको जिम्मेवारी लिन्छ, समग्र ३५ बर्षको जिम्मेवारी लिँदैन ।

३. परिस्थिति र शक्ति सन्तुलनको प्रभाव

— देश तथा जनताको भविष्य निर्धारण गर्ने मुख्य नीति राजनीति हो । समकालीन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति र राजनीतिक शाक्ति सन्तुलन अनुकूलको उपयुक्त नीति निर्धारण गर्न सक्दा र सक्षम एवम् इमान्दार नेतृत्व हुँदामात्र उपलब्धीपूर्ण काम हुनसक्छ र विकासले गति लिन सक्छ ।

— नेकपा (एमाले)ले नेतृत्व गरेका र सहभागी भएका सरकारहरूमा मात्र होइन, २०४७ पछिका सबैजसो सरकारहरू राजनीतिक अस्थिरताको शिकार भएका छन् । तथापि, हामीले हाम्रो पार्टी सरकारको नेतृत्वमा रहँदा वा सरकारमा सहभागी हुँदा आर्थिक-सामाजिक रूपान्तरणका लागि पहलकदमी लिएका छौँ । त्यस अवधिमा, विशेषगरी पार्टी सरकारको नेतृत्वमा रहेको अवधिमा भौतिक

पूर्वाधार, आर्थिक बृद्धि र मानवीय विकासका क्षेत्रमा उल्लेखनीय प्रगति भएका छन् ।

४. नेकपा (एमाले)को नेतृत्वमा देश र जनताका पक्षमा भएका महत्वपूर्ण कार्यहरू

नेकपा (एमाले) २०४७ वैशाख ६ मा गठन भएको अन्तरिम सरकारदेखि २०८२ फागुन २४ सम्म विभिन्न समयमा सरकारको नेतृत्वमा रहेको छ वा सरकारमा सहभागी भएको छ । त्यस अवधिमा हाम्रो पार्टीको पहलकदमीमा देश र जनताको पक्षमा भएका महत्वपूर्ण उपलब्धिहरू यसप्रकार छन् :

– समाजवादउन्मुख सामाजिक-आर्थिक विकासः

संविधानमा अन्तर्निहित नागरिकका मौलिक हक र नागरिकप्रति राज्यको दायित्वबाट निर्देशित भएर समाजवादउन्मुख सामाजिक-आर्थिक विकासको पक्षमा निम्नानुसारको नीति अवलम्बन गरिएको छः

- भौतिक एवम् मानवीय विकास, समृद्धि र सामाजिक न्यायको मार्गबाट समाजवादको आधार तयार गर्ने र समाजवादमा पुग्ने संकल्प,
- उत्पादनका साधनमा सबैको पहुँच, सहभागितामूलक उत्पादन पद्धति,
- उत्पादन र विकासको लाभमा सबै नागरिकको पहुँच र न्यायपूर्ण वितरण,
- सबै नेपालीलाई समान रूपमा सुरक्षा, सम्मान, अधिकार र अवसरको प्रत्याभूती,
- सर्वसुलभ शिक्षा, स्वास्थ्य, मर्यादित काम, रोजगारी, आवासलगायत नागरिकका मौलिक हकको प्रत्याभूति,
- कृषिको आधुनिकीकरण, औद्योगीकरण र सेवा क्षेत्रको सुदृढीकरणमार्फत् राष्ट्रिय पुँजीको निर्माण गर्दै स्वाधीन र सबल अर्थप्रणालीको विकास,
- भौतिक पूर्वाधारको द्रुत विकासबाट दिगो र उच्च आर्थिक वृद्धि तथा प्रतिस्पर्धी अर्थतन्त्रको निर्माण,
- प्रगतिशील कर तथा अनुदान प्रणाली, राज्यको साधन-स्रोतको न्यायिक विनियोजन, आधारभूत वस्तु र सेवाको सहज उपलब्धता,
- असहाय, अशक्त र प्रतिस्पर्धा गर्न नसक्नेहरूका लागि राज्यका तर्फबाट संरक्षण र मानवोचित जीवन यापनको सुनिश्चितता,
- जीवनचक्रमा आधारित सर्वव्यापी सामाजिक सुरक्षा, मानव कल्याण र आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिकलगायत सबै प्रकारका विभेदको अन्त्य,
- राज्यको व्यवस्थापकीय भूमिकाको सुदृढीकरण, सहकारी तथा सामुदायिक संस्थाको सवलीकरण, प्राकृतिक तथा वित्तीय साधन-स्रोतको न्यायिक वितरण,
- समस्त राज्य प्रणालीलाई सुशासन र पारदर्शितायुक्त बनाउन कानुनी र संरचनागत व्यवस्थाका साथै उच्च प्रविधियुक्त जनशक्ति परिचालन,
- पर्यावरणीय सन्तुलन र विपद् व्यवस्थापनका लागि नीतिगत तथा संस्थागत व्यवस्था र व्यावहारिक प्रयास गरिएको छ ।

- नेपाली विशेषतामा आधारित सिद्धान्त, नीति र तदनुरूपको व्यवहारबाट मात्र नेपाली समाजको समग्र विकास र समाजवादको आधार निर्माण गर्न सम्भव हुन्छ भन्ने मान्यतालाई आत्मसात गरिएको छ। 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षालाई नेपाली विशेषताको समाजवादको आधार निर्माण गर्ने र समाजवादमा पुग्ने प्रस्तावनाका रूपमा सूत्रबद्ध गरिएको छ।
- हामीले आत्मसात गरेको लोकतन्त्र आलोचना र विरोधको अधिकारसहितको प्रतिस्पर्धात्मक राजनीतिक प्रणालीका साथै सम्पूर्ण नेपालीमाझ समान अधिकार, समान अवसर र न्याय स्थापित गर्ने 'परिपूर्ण लोकतन्त्र' हो भन्ने मान्यता स्थापित गरिएको छ।
- अन्तर्निर्भरताको आजको विश्वमा देश विकासका लागि अन्तर्राष्ट्रिय सहयोग सदुपयोग गर्नु जरुरी हुन्छ। तर, जो कसैको जस्तो सुकै सहयोग ग्रहण गर्ने होइन, राष्ट्रिय हितअनुकूलको विदेशी पुँजी र प्रविध मात्र स्वीकार गर्नुपर्दछ भन्ने स्पष्ट नीति तय गरिएको छ।

– **आर्थिक-सामाजिक परिसूचकः**

- २०४८ सम्म हाम्रो देश निम्नस्तरको मानवीय विकासको अवस्थामा थियो, अहिले मध्यमस्तरीय मानवीय विकासको अवस्थामा आइपुगेको छ। बहुआयामिक गरिबीमा उल्लेखनीय सुधार भएको छ।
- २०५२ मा औसत निरपेक्ष गरिबी ४२ प्रतिशत थियो, २०८० मा २०.३ प्रतिशतमा झरेको छ।
- २०५२ मा ग्रामिण क्षेत्रमा निरपेक्ष गरिबी ४३ प्रतिशत र शहरी क्षेत्रमा २२ प्रतिशत थियो। २०८० मा ग्रामिण क्षेत्रको गरिबी २५ प्रतिशत र शहरी क्षेत्रको गरिबी १८ प्रतिशतमा झरेको छ।
- २०५२ मा २१ प्रतिशत रहेको ग्रामीण र शहरी क्षेत्रबीचको गरिबीको दुरी २०८० मा ७ प्रतिशतमा झरेको छ।
- आय र उपभोगको असमानाता तथा धनी र गरिबबीचको खाडल क्रमशः घट्दै गएको छ। २०५२ मा सबैभन्दा गरिब १० प्रतिशत परिवारको आय भन्दा सबैभन्दा धनि १० प्रतिशतको आय २१ गुणा बढी थियो, २०८० मा १० गुणा बढी छ।
- २०५२ मा मानव विकास सुचकाङ्क ०.४३७ थियो, २०८० सालमा ०.६०२ पुगेको छ। मध्यमवर्गको विस्तार भएको छ।
- महङ्गी नियन्त्रण गर्नमा उल्लेखनीय सफलता प्राप्त भएको छ। मुद्रास्फिति औसत ५ प्रतिशत कायम राख्न सकिएको छ।
- २०४७ मा प्रतिव्यक्ति आय २ सय डलर थियो, २०८२ मा १५ सय ३५ डलर पुगेको छ।
- दिगो विकास लक्ष्य सूचकाङ्कमा १६७ औँ राष्ट्रमध्ये नेपाल ६८.५८ स्कोर हासिल गरेर ८५ औँ स्थानमा छ।

- २०४७ मा ४३ करोड ७० लाख डलर रहेको विदेशी मुद्राको सञ्चिती अहिले २६ अर्ब ४८ करोड डलर पुगेको छ। चालु खाता तथा शोधनान्तर स्थिति बचतसहित सुदृढ अवस्थामा पुगेको छ।
- २०४७ मा कूल ग्राहस्थ्य उत्पादन रु. १ खर्ब २० अर्ब थियो, अहिले रु. ६६ खर्ब पुगेको छ।
- आर्थिक बर्ष २०४७/४८ को बार्षिक बजेटको आकार रु. ३१ अर्ब ५५ करोडको थियो, अहिले रु. २१ खर्ब २४ अर्ब पुगेको छ।
- २०४७ मा राजश्व संकलन कूल ग्राहस्थ्य उत्पादनको करिब ९ प्रतिशत थियो, २०८२ मा २० प्रतिशतको हाराहारी पुगेको छ।
- यस अवधिमा हामी ७.५ प्रतिशतसम्मको आर्थिक बृद्धिदर हासिल गर्न सफल भएका छौँ। नेपाल विश्वका तीब्र आर्थिक बृद्धिदर भएका १० प्रमुख देशहरूको सूचीमा सूचीकृत हुन सफल भएको छ।
- संयुक्त राष्ट्रसंघले नेपाललाई अल्पविकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नतिका लागि सिफारिस गरेको छ।
- वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति तथा साना व्यवसायका लागि ५ प्रतिशत ब्याज अनुदान, कर्जा सुरक्षणको प्रिमियममा ७५ प्रतिशतसम्म अनुदान, पशुपालन तथा साना व्यवसाय सञ्चालन गरेका स्वरोजगार व्यवसायमा सिर्जना हुने जोखिमविरुद्ध बीमाको व्यवस्था गरिएको छ।
- वित्तीय स्थायित्व कायम गरिएको छ। लगानी मैत्री वातावरणका कारण कर्जा विस्तारमा तीव्रता आएको छ। कर्जाको ब्याजदर नियन्त्रित हुँदा उत्पादन लागत कम भएको छ।
- व्यवसायमैत्री, लगानी मैत्री र पारदर्शी कानुन र कर प्रणालीको विकासका कारण लगानीका लागि अनुकूल वातावरण सिर्जना भएको छ। प्रत्यक्ष वैदेशिक लगानीको प्रतिबद्धता बढ्दै गइरहेको छ।
- उपयुक्त नीति अवलम्बन र तदनुरूपको व्यवहार सुनिश्चित गरिएको हुनाले शेयरबजारमा बारम्बार रेकर्ड ब्रेक हुने गरेको छ। नेप्से परिसूचक इतिहासकै उच्च विन्दुमा पुग्न सफल भएको छ।
- विकास साझेदारबाट प्राप्त हुने सहायता रकममा वृद्धि भएको छ। त्यस्तो सहयता मूलतः सडक पूर्वाधार, स्वास्थ्य, ऊर्जा उत्पादन एवम् प्रसारण लाइन निर्माणका क्षेत्रमा परिचालन गरिएको छ।
- प्रगतिशील करप्रणाली लागु गरिएको छ। करको दायरा विस्तार भएको छ र करदाताको सङ्ख्या उल्लेखनीय वृद्धि भएको छ। समग्र सार्वजनिक वित्त स्थिति सन्तुलित राख्न सकिएको छ।
- राज्यका स्रोत, साधन र अवसरको न्यायोचित वितरणका लागि व्यवस्थित प्रणाली स्थापना गरिएको छ। प्रदेश तथा स्थानीय तहलाई भूगोल, जनसङ्ख्या र समग्र विकासको अवस्थाका अनुरूप समानुपातिक ढाँचाबाट राजस्व र

अनुदान वितरण गरिएको छ। यसबाट सन्तुलित विकासको आधार तयार भएको छ।

– बैंक, वित्तीय संस्था र सहकारीः

- २०४८ मा बैंक तथा वित्तिय संस्था १२ र तिनका शाखा ४ सय ४१ थिए। २०८० मा १ सय १२ बैंक तथा वित्तिय संस्था र तिनका शाखाहरू १२ हजार छन्। बैंक खाता हुने नागरिक ७१ प्रतिशत छन्। निक्षेप खाताको संख्या ६ करोडभन्दा बढी छ।
- पन्ध्र बर्ष अघिसम्म पाँच प्रतिशत नागरिक बिमाको दायरामा थिए, अहिले ३५ प्रतिशत पुगेको छ।
- २० बर्ष अघि शेयर स्वामित्व हुने नागरिकको संख्या १ लाख थियो, अहिले डिम्याट खाता हुने नागरिकको संख्या ६५ लाख पुगेको छ।
- सहकारीका माध्यमबाट पुँजी निर्माण, उत्पादन वृद्धि, रोजगारी सिर्जना र उद्यमशीलताको विकास हुँदै गएको छ। सहकारीमा एक करोडभन्दा बढी जनसंख्या संगठित छन् र रु. १० खर्बभन्दा बढी बचत परिचालन भएको छ।

– श्रम, रोजगार र सामाजिक सुरक्षाः

- प्रत्येक स्थानीय तहमा रोजगार सूचना केन्द्र स्थापना गरी तथ्याङ्क संकलन गर्ने र अद्यावधिक गर्ने प्रणाली स्थापित गरिएको छ।
- रोजगारीलाई मौलिक हकको रूपमा कार्यान्वयन गर्न कानुन निर्माण गरिएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बर्षमा न्यूनतम् १ सय दिन रोजगारीको प्रत्याभूति र रोजगारी प्राप्त नहुनेलाई बेरोजगार भत्ताको प्रबन्ध गरिएको छ।
- श्रमिकहरूलाई न्यूनतम् ज्यालाको ग्यारेण्टी, आवधिक रूपमा तलब र ज्याला बृद्धि, श्रमिकको कार्यस्थल सुक्षा र दुर्घटना बिमा, अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई सामाजिक सुरक्षा जस्ता महत्वपूर्ण कार्यहरू भएका छन्।
- २०५२ बाट शुरु भएको सत्तरी बर्ष उमेर पुरा भएका जेष्ठ नागरिकहरूलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने कार्यक्रमको दायरा एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, दलित, पिछडिएको क्षेत्रका नागरिक, द्वन्द पिडित, सीमान्तकृत र अल्पसंख्यक समुदायसम्म विस्तार गरिएको छ। मासिक रु. १ सय बाट शुरु भएको सामाजिक सुरक्षा भत्ता यतिबेला मासिक रु. ४ हजार पुगेको छ। यस्तो सुविधाबाट लाभान्वित हुने नागरिकको संख्या ३६ लाख पुगेको छ।
- वृद्धभत्ताका नाममा शुरु भएको सामाजिक सुरक्षाको कार्यक्रमलाई अहिले लोककल्याणकारी राज्यको समाजिक उत्तरदायीत्वका रूपमा परिभाषित गरिएको छ र जीवन चक्रमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा विकास गरिएको छ। यस कार्यक्रम अन्तर्गत बाल अवस्थामा निःशुल्क शिक्षा तथा दिवा खाजा,

युवा अवस्थामा रोजगारी तथा बेरोजगार भत्ता र वृद्ध अवस्थामा भत्तासहितको सामाजिक सुरक्षा कार्यान्वयन गरिएको छ ।

- सामाजिक सुरक्षा प्रणालीको महत्वपूर्ण अंगका रूपमा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन गरिएको छ । सामाजिक सुरक्षा कोषमा २० हजार रोजगारदाता संलग्न छन् । कोषमा योगदानकर्ता श्रमिकको संख्या ३१ लाख र जम्मा भएको रकम रु. १ खर्ब २४ अर्ब पुगेको छ ।
- जीवनयापनका लागि सडकमा मागुनपर्ने अवस्थाको अन्त्य गरिएको छ । असहाय, वेसहारा र आम्दानी नहुनेहरूको अभिभावकत्व राज्यले बहन गर्ने प्रणाली विकसित गरिएको छ । मूलभूत रूपमा सडक-मानवरहित अवस्था निर्माण गरिएको छ ।
- सुरक्षित मातृत्वका लागि स्वास्थ्य संस्थामार्फत प्रसुति सेवा र यातायात खर्च वापत नगद अनुदानको व्यवस्था गरिएको छ ।
- दलित समुदाय, कर्णाली प्रदेश र मानव विकास सुचकाङ्कमा पछि परेका र तराई-मधेसका जिल्लाहरूमा प्रत्येक परिवारका ५ बर्ष सम्मका दुईजना बालबालिकालाई वाल विकास अनुदान उपलब्ध गराइएको छ ।
- जेष्ठ नागरिकहरूका लागि आरोग्य आश्रम, जेष्ठ नागरिक सेवा केन्द्र तथा मिलन केन्द्र स्थापना र सञ्चालन गरिएको छ ।
- छुवाछुत मुक्त नेपाल घोषणा गरिएको छ र छुवाछूतलाई दण्डनीय अपराध कायम गरिएको छ ।
- वैदेशिक रोजगारीमा जाने श्रमिकको लागत रोजगारदाताबाटै बेहोर्ने गरी गन्तब्य मुलुकहरूसँग द्विपक्षीय सझौता गरिएको छ ।
- वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूको अभिलेख राख्ने, उनीहरूलाई आन्तरिक उत्पादन र श्रम बजारमा जोड्ने कार्यक्रम शुरु भएको छ । उनीहरूलाई स्वदेशमै स्वरोजगारीको अवसर प्रदान गर्न बैंक तथा वित्तिय संस्थाबाट बिनाधितो ऋण उपलब्ध गराइएको छ ।
- युवाहरूका लागि शैक्षिक प्रमाणपत्र र परियोजना प्रस्तावका आधारमा बिनाधितो सहुलियत कर्जा उपलब्ध गराउने र त्यस्तो कर्जाको विमा गर्दा लाग्ने शुल्कको ७५ प्रतिशत सरकारले बेहोर्ने व्यवस्था गरिएको छ ।

– **भौतिक पूर्वाधारः**

- २०४७ सम्म एक आर्थिक बर्षमा १० किलोमिटर कालोपत्रे सडक निर्माण हुने अवस्था थियो, अहिले प्रतिदिन ५ किलोमिटर सडक कालोपत्रे गर्ने अवस्थामा आइपुगेका छौँ ।
- २०४७ सम्म देशभरमा जम्मा ८ हजार ३ सय २८ किलोमिटर सडक थियो, २०८१ मा १ लाख १० हजार किलोमिटर पुगेको छ ।

- २०५२ मा २५ प्रतिशत नागरिकले आधा घण्टाको दुरीमा पक्की सडकको सुविधा पाउँथे, २०८० मा त्यस्तो सुविधा ८० प्रतिशतले पाएका छन् ।
- सबै जिल्ला सदुमुकाम र अधिकांश स्थानीय तह सडक सञ्जालमा जोडिएका छन् ।
- काठमाडौँ-तराई द्रुतमार्ग, पूर्व-पश्चिम राजमार्ग (चार/छ लेन), पुष्पलाल लोकमार्ग, मदन भण्डारी राजमार्ग, हुलाकी राजमार्ग एवम् उत्तर-दक्षिण राजमार्गहरूको निर्माण र विस्तार कार्यलाई तीव्रता दिइएको छ ।
- पृथ्वी राजमार्गको थानकोट, सिद्धार्थ राजमार्गको सिद्धबाबा र काठमाण्डौ-निजगढ द्रुतमार्ग अन्तर्गत सुरुङमार्गहरू निर्माण भएसँगै नेपाल सुरुङ युगमा प्रवेश गरेको छ । सडक निर्माणमा सुरुङ मार्गका साथै अग्ला पुल (भायडक्ट), सिक्नेचर पुलजस्ता आधुनिक प्रविधिको प्रयोग शुरु भएको छ । नारायणी, तिनाउ, मादी, सेती लगायत देशका विभिन्न नदीहरूमा सिक्नेचर पुल निर्माण हुँदैछन् ।
- टोखा-छहरे, वेत्रावती-स्याफ्रुबेशी, चियाबारी-खुर्कोट, लेउती-धरान, मझिमटार-शक्तिखोर, दाउन्ने, हेम्जा-नयाँ पुल, खुटिया-दिपायल, सुर्खेत-भूरीगाउँ लगायत दर्जन बढी सुरुङ मार्गको सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रस्ताव तयार भएको छ ।
- तराईमा पूर्व-पश्चिम राजमार्गबाट जिल्ला सदरमुकाम हुँदै दक्षिणको सिमाना जोड्ने चार/छ लेनका सडकहरूको निर्माण अघि बढेको छ । पूर्वपश्चिम राजमार्गबाट उत्तरको सिमाना जोड्ने महाकाली, कर्णाली, गण्डकी, कोशी लगायतका रिभर कोरिडोर सडकहरूको निर्माणकार्य अघि बढेको छ ।
- पृथ्वी राजमार्गको स्तरोन्नति (चार लेन) सम्पन्न हुने चरणमा छ । अरनिको राजमार्ग र काठमाडौँ-केरुङ राजमार्गको स्तरोन्नति अघि बढेको छ । सिद्धार्थ राजमार्ग र रत्न राजमार्गको स्तरोन्नतिका लागि तयारी अघि बढेको छ ।
- महाकाली, मेची, कोशी, गण्डकी, कर्णालीलगायत देशका विभिन्न नदीहरूमा सयौँको संख्यामा मोटरेबल पुलहरू निर्माण भएका छन् । देशभरमा ३ हजारभन्दा बढी पुलहरू सञ्चालनमा छन् । पछिल्लो दशकमा मात्र १५ सयभन्दा बढी मोटरेवल पुलहरू बनेका छन् ।
- पूर्व-पश्चिम राजमार्गको समानान्तर विद्युतीय रेलमार्ग निर्माणको तयारी कार्य अघि बढेको छ । जयनगर-जनकपुर रेलमार्ग निर्माण सम्पन्न भई रेल सेवा सञ्चालनमा आएको छ । रक्सौल-काठमाण्डौ र केरुङ-काठमाण्डौ रेलवेको सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्य प्रारम्भ गर्न छिमेकी मित्रराष्ट्रहरू भारत र चीनसँग सहमति गरिएको छ ।
- देशका सबै प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा रणनीतिक सडक निर्माणको थालनी गरिएको छ । सबै स्थानीय तहलाई प्रदेशको केन्द्र र प्रदेशलाई राजधानीसँग पक्की सडकले जोड्ने सिलसिला अघि बढेको छ ।

- न्यूनतम् दुई लेनको पक्की सडक निर्माण गर्ने र सडकको गुणस्तर कायम राख्न सम्बन्धित निर्माण व्यवसायीले पाँच वर्षसम्म निःशुल्क मर्मत सम्भारको जिम्मेवारी लिने व्यवस्था गरिएको छ ।
- तुइन विस्थापन गरी १ हजार ४ सय २३ झोलुङ्गे पुल र ९ सय १५ पक्की सडक पुल निर्माण गरिएको छ ।
- गौतमबुद्ध तथा पोखरा अन्तराष्ट्रिय विमानस्थल निर्माण सम्पन्न भएर संचालनमा आएका छन् । निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको सम्भाव्यता अध्ययन जारी रहेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र बिराटनगर, जनकपुर, नेपालगञ्जलगायतका आन्तरिक विमानस्थलहरूको क्षमता सुधारका कार्यहरू अघि बढेका छन् । १० विमानस्थलहरूमा रात्रिकालीन सेवा सञ्चालनका लागि पूर्वाधार तयार भएको छ र आधा दर्जन जति विमानस्थलहरूबाट रात्रीकालिन सेवा सञ्चालन भइरहेको छ ।
- सरकारी स्वामित्वको नेपाल वायुसेवा निगमबाहेक निजी क्षेत्रका ९ वटा विमान सञ्चालक कम्पनी र एक दर्जन हेलिकोप्टर कम्पनीहरूले सेवा सञ्चालन गरेका छन् ।

– **यातायातः**

- २०४७ मा १ लाख ४३ हजार सवारी साधान दर्ता थिए, अहिले ४० लाख पुगेका छन् ।
- सार्वजनिक यातायातलाई व्यवस्थित बनाउन सार्वजनिक यातायात प्राधिकरण ऐन तर्जुमा गरिएको छ।
- विद्युतीय सवारी साधानलाई प्रोत्साहन गर्न कर छुट लगायतको विशेष नीति अवलम्बन गरिएको छ । जसले गर्दा नेपाल विश्वमा आनुपातिक दृष्टिले सबैभन्दा बढी विद्युतीय सवारी साधन आयात गर्ने अग्रस्थानका देशहरू मध्ये एक बन्न पुगेको छ ।

– **शहरी विकास, आवास, खानेपानी र सरसफाइः**

- २०५२ सम्म ११ प्रतिशत परिवारसँग मात्र पक्की गारो भएको घर थिए, २०८० मा ५६ प्रतिशत सिमेण्टको गारो भएको घर छन् ।
- २०५२ मा फुसको वा कच्ची छाना भएको घरमा बस्ने परिवार ८९ प्रतिशत थियो, अहिले करीब २० प्रतिशतमा झरेको छ ।
- गरीब परिवार लक्षित जनता आवास कार्यक्रम अन्तर्गत ५० हजार घर निर्माण गरिएको छ । सुरक्षित आवास कार्यक्रम अन्तर्गत १ लाख ५० हजार फुसको छाना भएका घरलाई जस्तापाताले प्रतिस्थापन गरिएको छ ।
- २०५२ मा २४ प्रतिशत नागरिकलाई आधा घण्टाको दुरीमा बजार केन्द्रको सुविधा उपलब्ध थियो, २०८० मा ७३ प्रतिशतलाई त्यस्तो सुविधा उपलब्ध छ ।

- तराईका जिल्ला सदरमुकामलाई आधुनिक शहरमा रूपान्तरण गर्न सडक, ढल, खानेपानी, विद्युत, बसपार्क लगायतको एकीकृत पूर्वाधार निर्माण कार्य अघि बढाइएको छ ।
- संसद भवन, सर्वोच्च अदालत, सम्मेलन केन्द्र, प्रदर्शनीस्थल र सरकारी कार्यालयहरूको पूर्वाधार निर्माण र गुणस्तर सुधारमा उल्लेखनीय काम भएको छ ।
- देशका विभिन्न स्थानमा ५४ नयाँ शहर र दश स्मार्ट सिटी निर्माण कार्य प्रारम्भ गरिएको छ।
- २०५२ मा पाइपबाट वितरण गरिएको पानी पिउने परिवारको संख्या ३३ प्रतिशत थियो, २०८० मा ५२ प्रतिशत पुगेको छ । २०८० मा ९५ प्रतिशत परिवारमा आधारभूत पिउने पानी सुविधा पुगेको छ ।
- सहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत सहलगानीका खानेपानी आयोजनाहरू निर्माण भएका छन्। ग्रामीण क्षेत्रमा गुणस्तरीय खानेपानी आपूर्ति बढाउँदै लगिएको छ ।
- २०५२ मा शौचालय सुविधा भएका घरहरू २२ प्रतिशत थिए, २०८० मा ९४ प्रतिशत पुगको छ । नेपाल दक्षिण एशियाको पहिलो खुला दिशामुक्त देश बन्न सफल भएको छ ।
- काठमाडौँ उपत्यकावासीले वर्षौंदेखि प्रतीक्षा गरेको मेलम्चीको खानेपानी काठमाडौँमा आएको छ । याङ्ग्री र लार्केसहित मेलम्चीको खानेपानी क्षमता र वितरण प्रणाली विस्तार गर्न परीक्षणको कार्यलाई तीव्रता दिइएको छ।

– **सूचना प्रविधि तथा सञ्चारः**

- २०४७ मा औसत ३ हजार व्यक्ति बराबर एउटा टेलिफोन सेवा उपलब्ध थियो, अहिले प्रति व्यक्ति एक भन्दा बढी छ ।
- त्यतिबेला इन्टरनेट सेवा शून्य थियो, अहिले ८५ प्रतिशत जनसङ्ख्यामा इन्टरनेट सेवा उपलब्ध छ ।
- २०७८ को गणना अनुसार ७३ प्रतिशत व्यक्तिसँग मोबाइल तथा स्मार्ट फोन, ४९ प्रतिशतसँग टेलिभिजन, ३८ प्रतिशतसँग इन्टरनेट, १५ प्रतिशतसँग कम्युटर वा ल्यापटप छ ।
- अहिले १०० भन्दा बढी टेलिभिजन च्यानल, ३०० भन्दा बढी एफएम रेडियो र हजार भन्दा बढीको संख्यामा पत्रिका तथा अनलाइन मिडिया छन् ।
- सूचना प्रविधिका माध्यमबाट मुलुकको विकास र समृद्धिको यात्रालाई तीव्र गतिमा अघि बढाउन डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनमा ल्याइएको छ ।
- नेपाली विद्युतीय पोर्टलमार्फत् अध्यागमनसम्बन्धी आवागमन अभिलेख प्रणालीको विकास र सञ्चालन, ई-भिसाको प्रारम्भ, हवाइ यात्रा प्रणालीको डिजिटलाइजेसन, पब्लिक एक्सेस मोडलमार्फत् जग्गा रजिस्ट्रेसन पास हुने

व्यवस्था र मेरो कित्ता एप्समार्फत् जग्गाको नापजाँच तथा अभिलेख प्रणाली संचालनमा आएका छन् ।

- खानेपानी, विद्युत्, टेलिफोन, स्थायी लेखा नम्बर तथा मूल्य अभिवृद्धि कर दर्ता, कर भुक्तानी तथा कर चुक्ता प्रमाणपत्रलगायतका विभिन्न सरकारी सेवा 'नागरिक एप्स' मार्फत् प्रदान गर्ने व्यवस्था गरिएको छ ।
- विद्युतीय सेवा प्रवाहको क्षेत्रमा मेरुदण्डको भूमिका निर्वाह गर्ने डिजिटल राष्ट्रिय परिचय-पत्र प्रणालीको स्थापना र सञ्चालन, अनलाइन श्रम स्वीकृति, राजस्व चुहावट नियन्त्रणका लागि मालवस्तु तथा ढुवानी साधनको अवस्थिति अनुगमन प्रणालीको विकास र प्रयोग गरिएको छ ।

– कृषि, पशुपंक्षी, बन तथा वातावरणः

- 'प्रधानमन्त्री कृषि आधुनिकरण कार्यक्रम' तर्जुमा गरी कार्यान्वयन गरिएको छ । कृषि उत्पादनमा आधुनिक प्रविधि र यन्त्र-उपकरणको प्रयोग बढ्दै गएको छ ।
- सडक सञ्जाललगायत आवश्यक पूर्वाधारहरू निर्माणसँगै कृषि उत्पादनको बजारीकरणमा उल्लेखनीय बृद्धि भएको छ ।
- दुध, कुखुराको मासु, अण्डा जस्ता उत्पादनमा आत्मनिर्भर हुन सकिएको छ । खाद्यान्न, फलफूल, तरकारी, पशुपंक्षी, माछा उत्पादनमा उल्लेखनीय वृद्धि भएको छ ।
- कृषि उत्पादन बढाउन माटोको गुणस्तर परिक्षण गर्ने र तदनुरूप खाद्यान्न, तरकारी तथा फलफूल खेती गर्न प्रोत्साहन गर्ने कार्य थालनी भएको छ ।
- ३० बर्षको अवधिमा धानको उत्पादन ३३ लाख मेट्रिक टनबाट बढेर ५९ लाख मेट्रिक टन पुगेको छ ।
- विगत तीन दशकयता बन क्षेत्र विस्तार भई ३९ प्रतिशतबाट ४६ प्रतिशत पुगेको छ ।
- विपद् जोखिम र पग्लिँदो हिमश्रृङ्खलाका सम्बन्धमा विश्वको ध्यानाकर्षण गर्न 'सगरमाथा सम्वाद' आयोजना गरिएको छ ।

– ऊर्जा तथा सिँचाइः

- २०४७ मा विद्युत उत्पादन २ सय २७ मेगावाट थियो । अहिले कूल जडित क्षमता ४ हजार १ सय २० मेगावाट छ । ८ हजार २ सय ९२ मेगावाट क्षमताका जलविद्युत आयोजनाहरू निर्माणाधीन छन् ।
- आन्तरिक र अन्तरदेशीय प्रशारण लाइन निर्माण अघि बढेको छ । देशकै ठूलो ४ सय केभिए क्षमताको ढल्केवर सबस्टेशन र दोस्रो ठूलो कुस्मा सबस्टेशनको निर्माण सम्पन्न भएको र सञ्चालनमा आएको छ ।
- २०४७ मा विद्युतको पहुँच पुगेका नागरिकको संख्या करिब १० प्रतिशत थियो, अहिले ९९ प्रतिशत पुगेको छ ।
- लोडसेडिङ अन्त्य गरिएको छ । अहिले ३ हजार ७ सय ७७ गिगावाट घण्टा विद्युत भारततर्फ निर्यात हुने गरेको छ ।

- २०४७ मा प्रतिव्यक्ति विद्युत खपत ३५ किलोवाट घण्टाबाट वृद्धि भई ४ सय ५० किलोवाट घण्टा पुगेको छ ।
- राष्ट्रिय विद्युत प्रणालीमा आबद्ध हुने घरधुरीको संख्या ६९ प्रतिशतबाट ९१ प्रतिशत पुगेको छ।
- विद्युतीय तार भूमिगत गर्ने प्रणालीको थालनी र विस्तार गरिएको छ ।
- सिँचाइ सुविधामा उल्लेखनीय विस्तार भएको छ । भेरी-बबई तथा सुनकोशी-मरिन जस्ता नदी पथान्तरण आयोजनाहरूको निर्माण आरम्भ भएको र अघि बढेको छ ।
- कालीगण्डकी-तिनाउ, नौमुरे-कपिलवस्तु, तमोर-चिस्याङलगायत आधा दर्जन जति नदी पथान्तरण आयोजनाहरूको अध्ययन तथा विस्तृत परियोजना प्रस्ताव तयार भइरहेको छ ।
- महाकाली, रानीजमरा कुलेरिया, बबई, सिक्टा, बागमतीलगायतका सिँचाइ आयोजनाहरूको निर्माण अघि बढेको छ ।
- सतह र भूमिगत सिँचाइ आयोजनामार्फत् कृषियोग्य जमिनमा सिँचाइ सुविधा विस्तार भइरहेको छ।
- २०४७ मा सिँचाइ सुविधा पुगेको क्षेत्रफल ९ लाख ३३ हजार हेक्टर थियो, अहिले १५ लाख ९० हजार हेक्टर पुगेको छ ।

– **पर्यटनः**

- २०४७ सम्म बार्षिक साढे दुई लाख पर्यटकले नेपाल भ्रमण गर्दथे, अहिले त्यो संख्या १२ लाख पुगेको छ । आन्तरिक पर्यटन प्रवर्द्धनले गति लिएको छ।
- पर्यटन उद्योग (होटल, रिसोर्ट, केवुलकार, ट्राभल, ट्रेकिङ आदि)मा निजी क्षेत्रको लगानी गुणात्मक रूपमा वृद्धि भएको छ ।
- मनकामना, चन्द्रागिरी, मौलाकाली, बसन्तपुर, नुवाकोट, जलपादेवीलगायत निजी क्षेत्रबाट निर्माण भएका केवुलकार र चुरे तथा महाभारत पर्वत शृङ्खलामा निर्माण भइरहेका होटल, रेष्टुरेन्टहरूले पर्यटन विकासमा नयाँपन ल्याइरहेका छन् ।
- विश्वकै सबैभन्दा लामो मानिएको बीरेठाँटी-मुक्तिनाथ केवुलकार निर्माणका लागि निजी क्षेत्रले लिएको पहलले नयाँ आकर्षण थपेको छ ।
- पोखरा पर्यटकीय राजधानीमा विकास भएको छ । तारे होटल, रेस्टुरेन्ट एवम् हवाइ सेवालगायत पर्यटन पूर्वाधार निर्माणले गति लिएको छ ।
- सेवा उद्योगको विकास र विस्तारमा तीव्रता आएको छ ।

– **उद्योग, वाणिज्य, ब्यापार तथा पारवहनः**

- दैलेखको ग्यासखानी परीक्षणको चरण पूरा भएर व्यावसायिक उत्पादन शुरु गर्न सकिने अवस्थामा आइपुगेको छ । त्यहाँबाट उत्पादन हुन सक्ने १ सय १२ अर्ब घनमिटर प्राकृतिक ग्यासले नेपाली अर्थतन्त्रलाई नै नयाँ उचाइमा पुऱ्याउने कुरा निश्चित छ ।

- धौवादीको फलाम खानीबाट ब्यावसायिक उत्पादनका लागि आवश्यक पूर्वकार्यहरू अघि बढेका छन् र अनुकूल आधार तयार भइरहेको छ ।
- मुस्ताङमा युरेनियम, बैतडीमा फोस्फोरसलगायत अन्य सम्भावित क्षेत्रमा बहुमूल्य धातुको अध्ययन र कतिपयको उत्खनन्को प्रारम्भिक कार्य सुरु गरिएको छ।
- सबै प्रदेशमा नयाँ औद्योगिक क्षेत्रको निर्माण, विशेष आर्थिक क्षेत्रको विस्तार, स्थानीय तहमा औद्योगिक ग्रामको स्थापनासहित साना, घरेलु तथा मझौला औद्योगिक प्रतिष्ठानको विकास, महिलाबाट प्रवर्द्धित साना उद्योग तथा व्यवसायलाई सहुलियत, युवा लक्षित ब्याज अनुदान कार्यक्रममार्फत् स्वरोजगार प्रवर्द्धन तथा उत्पादन बृद्धिका कार्यक्रम सञ्चालन गरिएको छ ।
- वीरगञ्ज, विराटनगर र नेपालगञ्जमा एकीकृत भन्सार जाँच चौकी निर्माण भई सञ्चालनमा आएको छ । भैरहवा र दोधारा-चाँदनीको एकीकृत भन्सार जाँच चौकीको निर्माण सम्पन्न हुने चरणमा छ ।
- मोतिहारी देखि अलमलेखगञ्ज सम्म ६१ किलोमिटर लामो दक्षिण एशियाकै पहिलो अन्तरदेशीय पेट्रोलियम पाइपलाइन निर्माण सम्पन्न गरिएको छ ।
- गङ्गा नदी हुँदै बङ्गालको खाडीसम्म पुग्न भारतीय जलमार्गको प्रयोगका लागि नेपाल र भारतका बीचमा समझदारी भएको छ । कोशी तथा नारायणी नदी भई भारतको कालुघाट र साहेबगञ्जसम्म जलमार्ग विस्तारका लागि प्रारम्भिक अध्ययन सम्पन्न गरिएको छ ।
- चीनसँग समुद्री बन्दरगाह उपयोग गर्नेलगायत ब्यापार, पारवाहन र यातायात सम्झौता भएको छ । नेपाललाई भू-परिवेष्ठितबाट भू-जडित राष्ट्रमा बदल्ने पक्रिया अघि बढेको छ ।
- स्वदेशी उद्योगका लागि नीतिगत एवम् कानुनी सहजता, संरक्षण र सुविधाको प्रवन्धसहित व्यावसायिक वातावरणमा सुधार गरिएको छ। नेपालको निर्यात व्यापारले पहिलो पटक रु १ खर्ब नाघेको छ ।
- आत्मनिर्भरताका लागि योगदान गर्ने उद्योग स्थापनाका लागि त्यस्ता उद्योगमा प्रयोग हुने सामग्री र कच्चा पदार्थको आयातमा भन्सार महसुल छुट, कर सहुलियत तथा अनुदानको व्यवस्था गरिएको छ ।
- चोभारमा सुख्खा बन्दरगाह निर्माण गरी सञ्चालनमा ल्याइएको छ ।
- सिर्जनशील युवा उद्यमीहरूलाई प्रोत्साहन गर्न स्टार्टअप कार्यक्रम र च्यालेन्ज फन्डको व्यवस्था गरिएको छ ।
- दलित समुदायको परम्परागत सीपको संरक्षण, विकास र बजारीकरणका लागि पहल गरिएको छ ।

– **शिक्षाः**

- २०४८ को साक्षरता प्रतिशत ३९.६ बाट २०७८ मा ७६.२ पुगेको छ। आधारभूत तहको विद्यार्थी भर्ना दर ९७.८ प्रतिशत पुगेको छ। विद्यालय शिक्षामा विद्यार्थी संख्या ४६ लाखबाट ८५ लाख पुगेको छ।
- २०४८ मा विद्यालय शिक्षाको औसत अवधि ४ बर्ष थियो, अहिले ९ बर्ष पुगेको छ। माध्यमिक शिक्षामा बालबालिका बराबर छन्। उच्च शिक्षातर्फ एकलाख विद्यार्थी थिए, अहिले ६ लाख पुगेका छन्।
- देशभरका आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थीलाई दिवा खाजाको प्रबन्ध गरिएको छ। बीचैमा पढाइ छोड्ने प्रवृत्तिमा कमी आएको छ।
- शिक्षाको दायरा र गुणस्तरमा वृद्धि भएको छ। परिक्षाको नतिजामा सुधार आएको छ।
- 'राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम' अन्तर्गत सामुदायिक विद्यालयको भौतिक पूर्वाधारमा लगानी विस्तार गरिएको छ।
- विद्यालयमा अध्ययनरत छात्रालाई निःशुल्क स्यानिटरी प्याडको व्यवस्था गरिएको छ।
- सबै स्थानीय तहमा प्राविधिक धारको विद्यालय र शिक्षाको विस्तार गर्ने प्रक्रिया अघि बढाइएको छ।
- मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय, मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालय, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयहरूको निर्माण कार्य अघि बढेको छ।
- प्रत्येक प्रदेशमा सरकारी स्वामित्वको मेडिकल कलेज स्थापना गर्ने नीति अन्तर्गत बर्दिबास, बुटवल र सुर्खेतमा प्रक्रिया अघि बढेको छ।
- शहीद दशरथ चन्द स्वाथ्य विज्ञान विश्वविद्यालय, नेपाल विश्वविद्यालय, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायत प्रादेशिक विश्वविद्यालयहरूको स्थापना र सञ्चालन गरिएको छ।
- उच्च शिक्षा तथा प्राविधिक शिक्षाका लागि पूर्वाधार निर्माण र जनशक्ति व्यवस्थापनको क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल भएको छ।
- दलित विद्यार्थीका लागि निःशुल्क उच्च शिक्षाको प्रवन्ध गरिएको छ।
- नेपाली वैज्ञानिकहरूले विकास गरेको नानो सेटलाइट सफलतापूर्वक अन्तरिक्षमा प्रक्षेपण गरिएको छ।

– **स्वास्थ्यः**

- २०४७ मा नेपालीको औसत आयु ५५ बर्ष थियो, २०८० मा ७२ बर्ष पुगेको छ।
- मातृ-शिशु सुरक्षा, सुनौला हजार दिन, सामाजिक सचेतना जस्ता कार्यक्रमहरूको परिणामस्वरूप बाल तथा मातृ मृत्युदर घटेको छ। २०४७ मा

पाँच बर्ष मुनिका १ हजार बालबालिका मध्ये १ सय ३९ जनाको मृत्यु हुनेगरेकोमा २०८१ मा आईपुग्दा २५ जनाको मृत्यु हुने गरेको छ ।

- सुरक्षित मातृत्वका लागि स्वास्थ्य संस्थामार्फत प्रसुति सेवा र यातायात खर्च वापत नगद अनुदानको व्यवस्था गरिएको छ । २०४७ मा एकलाख शिशुलाई जिवित जन्म दिँदा ८५० आमाको मृत्यु हुने गरेकोमा अहिले त्यो संख्या १ सय ५१ मा झरेको छ ।
- २०५२ सालमा ४५ प्रतिशत नागरिकले आधा घण्टाको दुरीमा स्वास्थ्य केन्द्रको सुविधा पाउँथे, २०८० सालमा ७१ प्रतिशतले त्यस्तो सुविधा पाएका छन् ।
- राज्यका तर्फबाट प्रत्येक नागरिकका लागि निःशुल्क अधारभूत स्वास्थ्य सेवा र स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयन गरिएको छ । जेष्ठ नागरिक र निरपेक्ष गरिबीको रेखामुनिका नागरिकहरूका लागि निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था गरिएको छ ।
- असाध्य रोगको निःशुल्क उपचारको प्रबन्ध गरिएको छ । छोराछोरीले बाबुआमालाई संरक्षण गर्नुपर्ने कानुनी व्यवस्था गरिएको छ ।
- स्वास्थ्य वीमाको दायरा विस्तारका लागि अभियान नै सञ्चालन गरिएको छ । स्वास्थ्य विमाबाट लाभान्वित हुनेहरूको संख्या ८० लाख पुगेको छ ।
- सबै स्थानीय तहमा पाँच, दश र पन्ध्र शैय्याका आधारभूत अस्पताल निर्माणका लागि एकैपटक ३ सय ९६ अस्पतालको शिलान्यास गरिएको छ। ती मध्ये धेरैजसो सम्पन्न भएका छन्, केही निर्माणाधीन अवस्थामा छन् ।
- कोभिड महामारीको अवस्थामा क्वारेन्टिन, उपचार र खोपलगायतका सम्पूर्ण सेवा निःशुल्क उपलब्ध गराइएको छ । कोभिड महामारी व्यवस्थापन कार्य तुलनात्मक रूपमा प्रभावकारी ढंगले सम्पन्न गरिएको छ ।
- वीर अस्पताललगायतका केन्द्रीय र प्रादेशिक अस्पतालहरूको क्षमता र सुविधा विस्तारको क्रम अघि बढेको छ ।

– **खेलकुद :**

- कीर्तिपुरमा तुलनात्मक रूपमा छोटो समयमा अन्तर्राष्ट्रियस्तरको क्रिकेट स्टेडियम निर्माण भएको छ । सुर्खेतमा राष्ट्रियस्तरको प्रतियोगिता आयोजना गर्न सकिने खेल पूर्वाधार निर्माण भएको छ ।
- ललितपुरको सातदोबाटोमा विभिन्न विधाका राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल प्रतियोगिता गर्न मिल्ने पूर्वाधार निर्माण गरिएको छ ।
- दशरथ रङ्गाशालाको स्तरोन्नती गरिएको छ ।
- अनेक समस्याका बावजुद मूलपानी र भरतपुरमा क्रिकेट स्टेडियम निर्माण कार्य अघि बढेको छ ।
- निजिक्षेत्रको अग्रसरतामा रूपन्देहीमा निर्माण भएको क्रिकेट स्टेडियम र मुस्ताङमा निर्माण भएको गल्फ कोर्सले खेलक्षेत्रलाई व्यवसायीक उद्देश्यसंग जोड्न सकिने नयाँ संभावनाको ढोका खोलेका छन् ।

- खेल क्षेत्रलाई पर्यटन प्रवर्धनसंग जोड्न र अन्तराष्ट्रिय जगतका खेलाडीहरूलाई नेपालमा आकर्षित गर्न जुम्ला, मुस्ताङ, सोलुखुम्बु लगायतका स्थानहरूमा हाइअल्टिच्यूट स्पोर्टस् स्टेडियमको अवधारणा अघि सारिएको छ ।
- एक स्थानीय तह एक खेल मैदानको नीति कार्यान्वयन भइरहेको छ । खेल पूर्वाधारमा उल्लेखनीय प्रगति भएको छ ।

– **महिला सशक्तीकरणः**

- २०४८ मा महिला साक्षरता २५ प्रतिशत थियो, अहिले ६५ प्रतिशत पुगेको छ ।
- राजनीतिमा महिला सहभागितामा उल्लेखनीय बृद्धि भएको छ । तीन तहका जनप्रतिनिधि संस्थाहरूमा महिलाको प्रतिनिधित्व करिब ४१ प्रतिशत पुगेको छ । त्यसभित्र दलित महिलाहरूको उपस्थिति सम्मानजनक छ ।
- २०५० मा निजामती सेवामा ४.४ प्रतिशतमा रहेको महिला सहभागिता अहिले २९ प्रतिशत पुगेको छ ।
- सम्पत्तिमा महिलाको स्वामित्व बढाउन महिलाको नाममा घरजग्गा रजिस्ट्रेसन गर्दा २५ देखि ३५ प्रतिशत राजश्व छुट हुने व्यवस्था गरिएको छ । घरजग्गाको स्वामित्व हुने महिलाको संख्या करिब ४५ लाख पुगेको छ ।
- दुर्गम क्षेत्रका जोखिममा परेका गर्भवती महिलाहरूको आपतकालीन उद्धारका लागि निःशुल्क एअर एम्बुलेन्स सेवा सञ्चालन गरिएको छ ।
- एसिड आक्रमणमा परी अङ्गभङ्ग भएका र यौनहिंसा पीडित महिलाहरूको उद्धार, सुरक्षा र संरक्षणका कार्यहरू गरिएको छ ।
- सहकारी व्यवस्थापनको जिम्मेवारीमा महिलाको संख्या ४० प्रतिशतभन्दा बढी छ । सामुदायिक तथा निजी संस्थामा महिलाको नेतृत्व उल्लेख्य संख्यामा बृद्धि भएको छ ।

– **भूमिसुधारः**

- भूमिहीन, सुकुम्बासी, अब्यवस्थित बसोबासी र हलिया, कमैयाको भूमिमाथिको अधिकार स्थापित गर्न नीतिगत, कानुनी र व्यावहारिक प्रयास अघि बढाइएको छ ।
- सदियौँदेखि समाधान हुन नसकेको सुकुम्बासी तथा अव्यवस्थित बसोवासीको समस्या समाधान गर्न २०५२ मा आयोग गठन गरेर नौ महिनाभित्र ६५ हजार घरपरिवारलाई लालपुर्जा वितरण गरिएको थियो । पछिल्लो समयमा कानुनी उल्झन समाधानका साथै संस्थागत संरचना तथा जनशक्ति व्यवस्थापन गरी अध्ययन, नापजाँच र लालपुर्जा वितरणको प्रक्रिया अघि बढाइएको छ ।
- आधारभूत सुविधासहितको एकीकृत वस्ती निर्माण गरी मुक्त कमैया, हलिया तथा प्राकृतिक प्रकोप पीडितहरूको पुनःस्थापना गर्ने प्रक्रिया अघि बढाइएको छ ।
- उच्चस्तरीय भूमिसुधार आयोगमार्फत् प्राप्त सुझावका आधारमा भूमी समस्या समाधानका प्रयासहरू गरिएको छ ।

- भूमिहीन तथा सीमान्त कृषकलाई कृषि उत्पादनमा संलग्न गराउन भूमि बैंक स्थापना गर्ने र उत्पादनशील भूमि उपलब्ध गराउने कार्य प्रारम्भ गरिएको छ ।

– **भूकम्प पछिको पुनर्निर्माणः**

- २०७२ बैशाख १२ गते गोरखाको बारपाकलाई केन्द्रविन्दु बनाएर गएको विनाशकारी भूकम्प र त्यसपछिका परकम्पबाट ८ हजार ७ सय ९० जनाको मृत्यु भएको थियो । २२ हजार ३ सय २ जना घाइते भएका थिए । निजी निवास, विद्यालय, स्वास्थ्य संस्था, सरकारी कार्यालय, सडक पुल तथा ऐतिहासिक/पुरातात्विक सम्पदामा ठूलो मात्रामा क्षति (३२ जिल्लामा करिब ७ अर्ब अमेरिकी डलर बराबर) भएको थियो ।
- भूकम्पपछिको उद्धार, राहत र पुनःस्थपनाका लागि अत्यावश्यक कानुन तथा संरचना निर्माण र स्रोत व्यवस्थापन गरियो । उद्धार र राहतपश्चात् राष्ट्रिय पुनर्निर्माण प्राधिकारणको नेतृत्वमा पुर्निर्माण तथा पुनःस्थपना कार्य अघि बढाइयो ।
- पुनर्निर्माणको क्रममा करिब ८ लाख निजी निवास, ७ हजार ५२ विद्यालय, १ हजार १ सय ५ स्वास्थ्य संस्था, सिंहदरबारलगायतका ४ सय ८ सरकारी भवन, २ सय १६ सुरक्षा निकायका भवन, धरहरा, रानीपोखरीलगायतका ६ सय ४० पुरातात्विक सम्पदा, १ हजार ५ सय खानेपानी आयोजना र ७ सय ६४ किलोमिटर सडकको पुनर्निर्माण सम्पन्न गरिएको छ ।
- भौगोलिक कारणले जोखिमपूर्ण अवस्थामा रहेका २ सय ९९ बस्तीका ४ हजार ७ सय २० परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । १ सय २० एकीकृत बस्तीहरूको निर्माण र १२ हजारभन्दा बढी भूमिहीन परिवारलाई जग्गाको स्वामित्वसहित आवास सुविधा उपलब्ध गराइएको छ।
- पुनर्निर्माणसम्बन्धी कार्यबाट आर्थिक वृद्धिमा करिब ३ प्रतिशत योगदान पुगेको छ ।
- नेपालले पुनर्निर्माणमा निर्वाह गरेको भूमिकाको अन्तर्राष्ट्रिय जगतमा प्रशंसा भएको छ ।
- विपद् व्यवस्थापनसम्बन्धी कार्यलाई एकीकृतरूपमा अघि बढाउन आवश्यक कानुनी व्यवस्थासहित राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना गरिएको छ ।

– **संविधान, संघीयता र शान्ति प्रक्रियाः**

- २०७२ असोज ३ मा जारी भएको संघीय लोकतान्त्रिक गणतन्त्रमा आधारित संविधानसँग बाझिएका दुईसय भन्दा बढी कानुन संशोधन गरी संघीयतालाई संस्थागत गरिएको छ ।
- निशुल्क शिक्षा, आधारभूत स्वास्थ्य, खाद्य सुरक्षा, आवास, सामाजिक सुरक्षालगायत नेपालको संविधानले प्रत्याभूत गरेका नागरिकका मौलिक हकसँग सम्बन्धित र अन्य कानुनहरू निर्माण गरिएको छ ।

- २०५२ मा घोषणा गरिएको 'आफ्नो गाउँ आफै बनाऔं' कार्यक्रमको कार्यान्वयनबाट विकेन्द्रीकरण र स्थानीय विकासमा महत्वपूर्ण योगदान पुगेको छ ।
- समानीकरण, सशर्त, समपूरक कोष तथा विशेष अनुदानमार्फत् प्रदेश तथा स्थानीय तहको विकास कार्यलाई तीव्रता दिइएको छ ।
- सङ्घीय तहमा निर्धारण गरिएको स्रोत-साधनको न्यायोचित वितरण एवम् सन्तुलित बजेट विनियोजन प्रणालीको कार्यान्वयनमार्फत आर्थिक असमानता र क्षेत्रीय असन्तुलन घटाउँदै लगिएको छ ।
- प्रदेश एवम् स्थानीय तहको संस्थागत क्षमता विकास तथा सुदृढीकरणका निमित्त प्रादेशिक एवम् स्थानीय सरकारलाई सहयोग गर्ने कार्यक्रम प्रारम्भ गरिएको छ ।
- सङ्घ, प्रदेश र स्थानीय तहका बीचमा समन्वय र सहकार्य स्थापित गर्न कानुनी व्यवस्थासहित गठन भएको अन्तरसरकारी समन्वय परिषद्लाई क्रियाशील बनाइएको छ ।
- संविधानको व्यवस्था अनुरूप पहिलो पटक गठन भई कार्यारम्भ गरेका प्रदेश सरकारका संरचना, पूर्वाधार तथा जनशक्ति व्यवस्थापनमा सहजीकरण गरिएको छ र प्रादेशिक शासकीय संरचनालाई क्रियाशील तुल्याइएको छ ।
- पृथकतावादमा विश्वास राख्ने सिके राउत र हिंसात्मक द्वन्द्वमा विश्वास राख्ने नेत्रविक्रम चन्दद्वारा नेतृत्व गरिएका राजनीतिक समुहहरूलाई मूलधारमा फर्काउने र संविधानको सर्वस्वीकार्यता स्थापित गर्ने काम गरिएको छ ।
- शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउन निरन्तर पहल गरिएको छ ।
- कुनै पनि नेपालीले नागरिक बन्नबाट बञ्चित हुन नपरोस् भन्ने उद्देश्यले नागरिकता समस्या समाधान सुझाव आयोग गठन गरी प्राप्त सुझावका आधारमा नागरिकता सम्बन्धी समस्या समाधान गर्ने प्रक्रिया अघि बढाइएको छ ।

– **भ्रष्टाचार नियन्त्रण र सुशासनः**

- भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता, पारदर्शिता र सुशसानको नीति कार्यान्वयन गर्न प्रभावकारी प्रयासहरू गरिएको छ ।
- भ्रष्टाचार नगर्ने र हुन नदिने संकल्प कार्यान्वयन गर्न राज्यका सम्बद्ध निकायहरूलाई कानुनी, संरचनागत, जनशक्ति र स्रोत-साधनका दृष्टिले सक्षम बनाइएको छ ।
- तीव्र आर्थिक विकास र सामाजिक न्यायको पूर्वशर्तका रूपमा भ्रष्टाचार नियन्त्रण, वित्तयि अनुशासन र सुशासन सुनिश्चित गर्न योजनाबद्ध प्रयास गरिएको छ ।
- सुशासनको महत्वपूर्ण कडीका रूपमा डिजिटल गभर्नेन्स प्रणालीको विकास र कार्यान्वयन गरिएको छ ।

– **राष्ट्रिय हित र परराष्ट्र सम्बन्धः**

- 'सबैसँग मित्रता, छैन कसैसँग छैन शत्रुता'को नीतिलाई अन्तर्राष्ट्रिय सम्बन्धको आधरशीलाका रूपमा स्थापित गरिएको छ ।
- सार्वभौम समानता, अहस्तक्षेप, पारस्पारिक लाभ र सम्मानका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध विकास गरिएको छ ।
- सन्तुलित आर्थिक कुटनीतिका माध्यमवाट छिमेकी मुलुकहरूको विकास र समृद्धिको लाभ लिने प्रयास गरिएको छ ।
- संविधान जारी भएपछि नेपाल र नेपालीले बेहोर्न परेको नाकावन्दीको सम्मानजनक समाधान गरिएको छ ।
- परराष्ट्र सम्बन्धलाई आजको आवश्यकता र युग सुहाउँदो पारस्पारिक समानता र सम्मानमा आधारित बनाउन भारतसँग सन् १९५० को शान्ति तथा मैत्री सन्धि पुनरावलोकनको प्रस्ताव राखिएको छ । बंगलादेशसँग सीधा सम्पर्कका लागि फूलवारी- बङ्लाबन्ध बाटोको प्रस्ताव गरिएको छ ।
- सार्वभौमिक समानता, अहस्तक्षेप, पारस्परिक लाभ र समानतामा आधारित सुदृढ बाह्य सम्बन्ध विकासको प्रयास भएको छ । विभिन्न मुलुकसँग दौत्य सम्बन्ध विस्तार गरिएको छ ।
- राष्ट्रिय सुरक्षा र प्रतिरक्षा नीति तर्जुमा गरी कार्यान्वयन गरिएको छ ।
- सीमा क्षेत्रमा हुने सबै प्रकारका अवाञ्छित आर्थिक तथा आपराधिक गतिविधि नियन्त्रण र सीमा सुरक्षा व्यवस्थाका लागि दक्षिणी र उत्तरी सीमाका २ सय ८ स्थानमा बोर्डर आउट-पोस्ट स्थापना गरिएको छ ।
- सीमा विवाद समाधानका लागि पहल गरिएको छ । संघीय संसदबाट सर्वसम्मतिका साथ नेपालको संविधान संशोधन गरी लिम्पियाधुरा, लिपुलेक र कालापानी सहितको नेपालको नक्सा प्रकाशन गरिएको छ।
- नेपाल र भारतका बीचमा विद्यमान समस्या सामाधानका लागि साझा दृष्टिकोण निर्माण गर्न गठित प्रबुद्ध व्यक्तिहरूको समूह (इमिनेन्ट पर्सन्स् ग्रुप-इपीजी)ले सहमतिमा प्रतिवेदन तयार गरेको छ ।

- o -